# धनगढी उप-महानगरपालिका

## स्थानीय राजपत्र

**खण्डः६** **सङ्ख्याः ०९** **मितिः२०७९/०९/२५**

## भाग-०१

## धनगढी उप-महानगरपालिका

# धनगढी उप-महानगरपालिकाको नगर स्वास्थ्य नीती, २०७९

**नगरसभाबाट स्वीकृत मितिः २०७९।०९।२५**
**राजपत्रमा प्रकाशन मितिः २०७९।०९।२८**

### १. पृष्ठभूमि:

नेपालको संविधानले मौलिक हकको रुपमा हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवामा पहुँच प्रत्याभूत गरेको छ । विकासका प्रमुख सूचकहरुको रुपमा स्वास्थ्य क्षेत्रका उपलब्धिलाई लिने विश्वभरि नै प्रचलन छ । स्वास्थ्य बहुआयामिक बिषय भएको र मानव विकास सूचकको एउटा मूख्य अंग भएकोले यसको व्यापक महत्व रहेकोछ । नेपालले विगतका दशकमा सहश्राव्दी विकास लक्ष्यहरूलाई आधार मानी उल्लेखनीय सफलता हासिल गरिसकेको सन्दर्भमा, १५ औं बिकास योजना कार्यान्वयनको अवस्थामा रहेको तथा सन् २०३० सम्म दिगो विकास लक्ष्यहरू प्राप्त गर्न प्रतिबद्ध छ ।

यसै सन्दर्भमा धनगढी उप-महानगरपालिकाले पनि स्वास्थ्यलाई विकासको प्रमुख मुद्दाको रुपमा अंगिकार गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसुलभ तथा समान पहुँच स्थापित गर्ने तथा स्वास्थ्य क्षेत्रमा लगानी अभिबृद्धि गर्ने गरी दिगो विकास लक्ष्यमा टेवा पु-याउने संवैधानिक दायित्वलाई पूरा गर्ने नीति लिएको छ । स्वास्थ्य क्षेत्रमा विद्यमान चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गर्दै जनउत्तरदायी एवं कुशल व्यवस्थापन तथा सुशासनको माध्यमबाट उपलब्ध सबै स्रोत र साधनको

धनगढी उप-महानगरपालिका राजपत्र

अधिकतम उपयोग तथा परिचालन गरी स्वास्थ्य क्षेत्रमा विद्यमान चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गर्दै नागरिकको स्वास्थ्य प्रवर्द्धन, स्वास्थ्य संरक्षण, सुधार र पुनर्स्थापन गर्न धनगढी उप–महानगरपालिकाले यो "नगर स्वास्थ्य नीति, २०७९" तयार गरेको छ।

## २. प्रस्तावनाः

नेपालको संविधान अनुसार देश संघीय स्वरुपमा रुपान्तरित भएको अवस्था छ, यस अनुसार देशमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरू स्थापना भइ कृयाशील रहेकाछन्। नेपालको संविधानले तीनै तहका सरकारलाई एकल तथा साझा अधिकार तथा विशिष्ट कार्यहरू निर्दिष्ट गरेको छ। साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सरकारको काम, कर्तव्य र अधिकार (परिच्छेद ३, दफा ११, उपदफा २, झ (१देखि १२), त, न (१ देखि १२), उपदफा ४ (ख) तथा दफा १२ (२), ग (४, ५, ६,७, ८) परिच्छेद ६ दफा (२४ र २६) तथा धनगढी उप–महानगर पालिका स्वास्थ्य ऐन, २०७७ अनुसार धनगढी उप–महानगरपालिकाले प्रस्तुत नगर स्वास्थ्य नीति २०७९ सार्वजनिक गरेको छ।

## ३. आधार र निर्देशक सिद्धान्तहरुः

धनगढी उप–महानगरपालिकाको प्रस्तुत नगर स्वास्थ्य नीति हाल मुलुकमा प्रचलनमा रहेका संविधान, कानूनी दस्तावेजहरू, योजनाहरू, नीति तथा रणनीतिहरू र निर्देशिकाहरूको आधारमा (अनुसूची १) तयार गरिएको छ। यसका साथ साथै अन्तर्राष्ट्रिय प्रतिबद्धता, दस्तावेजहरू तथा निर्देशिकाहरूको प्रावधान पनि ध्यानमा राखिएको छ।

सहकार्य, सह–अस्तित्व तथा समन्वय यस नीतिको आधार स्तम्भ मानिएको छ। यसै गरी दिगो विकास लक्ष्यले समेटेको सर्वव्यापकता, एकिकृतीकरण, साझेदारी तथा जवाफदेहिता पनि यस नीतिका मार्गदर्शकका रुपमा रहेका छन। साथै यस नीतिले दिगो विकास लक्ष्यले अनुसरण गरेको "कोही पनि छुट्नु हुंदैन" भन्ने सिद्धान्त लाई अनुसरण गर्दै उप-महानगर पालिका भित्र बसोबास गर्ने सबै नागरिकलाइ समेट्नेछ।

यस नीतिका निर्देशक सिद्धान्तहरू निम्न अनुसार रहेका छन्ः

- संविधानमा उल्लेखित मौलिक अधिकारको रुपमा रहेको गुणस्तरीय निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु,
- सर्वसुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य प्रबर्द्धन, संरक्षण, सुधार र पुनर्स्थापनका लागि बहुक्षेत्रीय साझेदारी तथा सहकार्य गर्नु,
- प्रकोप तथा महामारीको अवस्थामा पूर्व तयारीका साथ प्रतिकार्यका लागि प्रस्तुत हुनु,
- स्वास्थ्य सेवामा लैंगिक तथा सामाजिक समावेशिताको सुनिश्चितता गर्नु,
- वातावरणीय स्वास्थ्य तथा जलवायु परिवर्तनका असरहरू सम्बन्धी कार्यक्रमहरूको प्रवर्द्धन गर्नु ।

## ४. विद्यमान स्थिति:

विगतमा सुदूरपश्चिमांचल क्षेत्रको व्यापारिक तथा औद्योगिक शहरको तथा कैलाली जिल्लाको सदरमुकामको रुपमा रहेको धनगढी हाल सुदूरपश्चिम प्रदेशमा अवस्थित छ। यस उप-महानगरपालिकामा १९ वटा वडा रहेका छन्। राष्ट्रिय जनगणना, २०७८ प्रारम्भिक नतिजा अनुसार यस उप–महानगरपालिकाको कुल जनसंख्या २०४७८८ (पुरुषः १०२३३४ तथा महिला १०२४५४ रहेको छ । स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुको लागी स्वास्थ्य सेवा विभागको २०७६/७७ अनुमानित प्रक्षेपण अनुसार पाँच बर्ष मुनिका बालबालिकाहरुको जनसंख्या १६३६५, किशोर किशोरीहरुको जनसंख्या ३६४८५ रहेको छ। साथै सोहि तथ्यांक अनुसार प्रजनन उमेर समुह (१५ देखि ४९ वर्ष) का विवाहित महिलाहरूको जनसंख्या ४०७२६ अनुमान गरिएको छ। यस नगरपालिकामा प्रत्येक वर्ष अनुमानित ४६१५ जना महिलाहरू गर्भवती र करीव ३९१४ बच्चाहरू हरेक बर्ष जन्मिने गर्दछन्। यस उप महानगरपालिकामा जेष्ठ नागरिकको संख्या १४५१३ रहेको छ र विकलांग व्यक्तिहरुको संख्या ११२७ रहेको छ।

**धनगढी उप-महानगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरू:**

धनगढी उप–महानगरपालिका मातहतमा एउटा शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र, २ वटा स्वास्थ्य चौकी, ७ वटा शहरी स्वास्थ्य केन्द्र, ९ वटा आधारभूत स्वास्थ्य केन्द्र र २ वटा आयुर्वेद औसधालय केन्द्र रहेका छन्। साथै मासिक रुपमा सेवा प्रदान गर्ने गरी २९ वटा गाउंघर क्लिनिक तथा ४३ वटा खोप क्लिनिक पनि संचालनमा रहेका छन्।

धनगढीमै प्रदेश सरकारबाट संचालित ३०० शैया क्षमताको सेती प्रादेशिक अस्पताल रहेकोछ। यसैगरी निजी क्षेत्रबाट संचालित १० वटा अस्पतालहरु, पोलिक्लिनिक-१, निजि क्लिनिक-४०, प्रयोगशाला-९, दन्त क्लिनिक-६, आयुर्वेद क्लिनिक-१३, तथा गैर सरकारी संस्थाबाट संचालित २ वटा क्लिनिक पनि यसै उप–महानगरपालिकामा अवस्थित रही संचालनमा रहेका छन।

## ५. प्रमुख समस्या तथा चुनौतीहरू:

- उप-महानगरपालिका भित्र बसोबास गर्ने सबै क्षेत्र, तह, वर्ग तथा समुदायका नागरिकका लागि गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच नपुग्नु,
- सडक दुर्घटना तथा चोटपटकबाट हुने मृत्युको संख्या बढ्दो क्रममा रहनु,
- संक्रामक रोगहरू नियन्त्रण भएपनि उन्मूलन तथा निवारणका लागि पर्याप्त मात्रामा श्रोत तथा साधन नहुनु,
- नसर्ने रोगहरू बढ्दो क्रममा रहनु,
- महामारी नियन्त्रण तथा व्यवस्थापनको लागि पर्याप्त मात्रामा श्रोत साधनको कमी,
- स्वास्थ्य सेवाका लागि भौतिक पूर्वाधार तथा औजार उपकरणहरू पर्याप्त मात्रामा उपलव्ध नहुनु,
- समय सापेक्ष रूपमा स्वास्थ्य कर्मीहरूको क्षमता अभिवृद्धि नहुनु,

- स्वास्थ्य सेवाहरूको तथ्याङ्कबाट प्राप्त तथ्यमा आधारित स्वास्थ्य कार्यक्रम तथा योजना तर्जूमा र अनुगमन मूल्यांकनको पूर्ण रुपमा अभ्यास नहुनु,
- उप-महानगर अन्तर्गतका स्वास्थ्य संस्था बाहेकका सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरू बाट प्रदान गरिने स्वास्थ्य सेवाहरूको तथ्यांक नियमित रूपमा उपलव्ध नहुनु,
- स्वास्थ्य बीमा कार्यक्रममा सम्पूर्ण नागरिकलाई आवद्ध गर्न नसक्नु ।

**प्रमुख चुनौतीहरू:**

- स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय रुपमा प्रवाह गर्न नगर स्वास्थ्य सेवा प्रणालीमा आवश्यक सुधार एवम् सुदृढीकरणको लागि प्रतिवद्धता हुन नसक्नु,
- श्रोत तथा साधन पर्याप्त नहुनु,
- सडक सुरक्षाको कमी र बढ्दो सडक दुर्घटना विद्यमान  रहनु,
- महामारीको व्यवस्थापन तथा प्राकृतिक प्रकोपका लागि पूर्व तयारी नहुनु ,
- स्वास्थ्यमा जल -वायु तथा वातावरणको असर बारे चेतनाको कमी हुनु,
- मानसिक रोग तथा नसर्ने रोगहरूको बढ्दो भारलाई न्युनीकरण गर्न नसक्नु ।

**६. कार्य क्षेत्र:**

प्रस्तावित नीतिले धनगढी उप–महानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै नागरिकलाई समेट्नेछ ।

**७. नाम र परिभाषा**ः

७.१ यो नीतिको नाम “धनगढी उप-महानगरपालिकाको नगर स्वास्थ्य नीति, २०७९” रहेको छ र यो नीति नगर सभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

७.२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा देहायका शब्दहरूले निम्न अर्थ जनाउँदछन् ।

७.२.१ “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

७.२.२“आधारभूत स्वास्थ्य सेवा”भन्नाले जनस्वास्थ्य सेवा ऐन २०७५ को परिच्छेद २को दफा ३ को उपदफा ४ र  (७) ले परिभाषित गरे बमोजिम संघीय सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम हुनेछ । साथै यस वाक्यांशले  जन स्वास्थ्य सेवा ऐन २०७५ को परिच्छेद २ को दफा ३ को उपदफा (५) र (६) बमोजिम स्थानीय तथा प्रदेश सरकारले थप गरेको आधारभूत स्वास्थ्य सेवालाई समेत सम्झनु पर्दछ ।

७.२.३ “सरोकारवाला” भन्नाले नगर विकास योजना तथा नगर स्वास्थ्य संग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार भएका स्थानीय संघ संस्थाहरू, संघीय तथा प्रदेश मन्त्रालय, विभाग, निकाय तथा संस्थाहरूलाई सम्झनु पर्दछ।

७.२.४“स्वास्थ्य संस्था” भन्नाले धनगढी उप-महानगर पालिका स्वास्थ्य सेवा ऐन, २०७७ अनुसारका स्वास्थ्य संस्था सम्झनु पर्दछ।

७.२.५“नगरवासी” भन्नाले धनगढीउप-महानगरपालिकामा बसोबास गर्ने व्यक्ति तथा निजका परिवार समेत सम्झनु पर्दछ।

७.२.६ "उप-महानगरपालिका" भन्नाले धनगढी उप-महानगरपालिका सम्झनु पर्दछ। नगर उल्लेख भएको अवस्थामा समेत यही कुरा लागु हुनेछ।

७.२.७“नगर स्वास्थ्य” भन्नाले धनगढीउप-महानगरपालिकाको स्वास्थ्य क्षेत्र र सो सँग सम्बन्धित सबै विषयवस्तुहरू समेतलाई बुझ्नुपर्दछ।

७.२.८“वडा” भन्नाले धनगढी उप-महानगरपालिका क्षेत्र भित्र रहेका वडाहरु सम्झनु पर्दछ।

७.२.९“गैर सरकारी संस्था” भन्नाले नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएका स्वास्थ्य तथा अन्य सामाजिक क्षेत्रमा कार्य गर्ने गैर नाफा मूलक संस्था भन्ने सम्झनु पर्दछ।

७.२.१०“निजी स्वास्थ्य संस्था” भन्नाले नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएका स्वास्थ्य सेवा प्रदान गर्ने नाफा मूलक संस्था भन्ने सम्झनु पर्दछ।

७.२.११“सेवाग्राही” भन्नाले स्वास्थ्य संस्थाबाट सेवा उपभोग गर्ने ब्यक्ति तथा समुदाय सम्झनु पर्दछ।

७.२.१२“जोखिममा रहेका सामुदाय” भन्नाले धनगढी उप-महानगरपालिका भित्र बसोवास गर्ने गरिब,अपाङ्ग, जेष्ठ नागरिक, सिमान्तकृत वर्ग, असहाय, महिला तथा बालवालिका सम्झनु पर्दछ।

७.२.१३ "स्वास्थ्य बीमा" भन्नाले नेपाल सरकार, स्वास्थ्य बीमा बोर्डबाट संचालित स्वास्थ्य बीमा कार्यक्रम सम्झनु पर्दछ।

## ८. दीर्घकालीन सोच:

धनगढी उप-महानगरपालिकामा बसोबास गर्ने सम्पूर्ण नगरवासीहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुनेछन।

## ९. ध्येय:

सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय गर्दै रणनीतिक सहकार्यका माध्यमबाट उपलब्ध साधन श्रोतको अधिकतम प्रयोग गरी नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चितता गर्ने।

धनगढी उप-महानगरपालिका राजपत्र

## १०. लक्ष्य:

सक्षम र जवाफदेही स्वास्थ्य संरचना मार्फत नगरबासीको गुणस्तरीय स्वास्थ्य सेवामा पंहुच र उपभोग सुनुश्चित गर्ने ।

## ११. उद्देश्यहरू:

यस नीतिका मुख्य उद्देश्यहरू निम्न रहेका छन् ।

११.१ नेपालको संविधानमा मौलिक अधिकारको रूपमा उल्लेख भएको आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण नगरवासीलाइ निःशुल्क रुपमा उपलब्ध गराउनु ।

११.२ आधारभूत स्वास्थ्य सेवा बाहेकका अन्य विशिष्टीकृत उपचारात्मक स्वास्थ्य सेवाहरूमा आम नागरिकहरूको सर्वव्यापी पहुँच बढाउनु ।

११.३ जोखिममा रहेका समुदाय लक्षित स्वास्थ्य सेवा प्रवाह गर्नु ।

११.४ स्वास्थ्य सेवा प्रवाहमा निजी तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि गर्नु ।

११.५ धनगढी उप-महानगरपालिकाको स्वास्थ्य ब्यबस्थापन सूचना प्रणालीको सुदृढीकरण गर्नु ।

११.६ स्वास्थ्य बीमाको प्रवर्द्धन गर्नु ।

११.७ "एक स्वास्थ्य" को अवधारणा अनुसार स्वास्थ्य प्रणाली विकास गर्नु ।

## १२. नगर स्वास्थ्य नीतिहरू:

१२.१ आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवामा सबै नगरबासी नागरिकहरूको पहुँच सुनिश्चित गर्दै स्वास्थ्य संस्थाहरूको संरचना तथा व्यवस्थापन सुदृढ गरिनेछ ।

१२.२. स्वास्थ्य संस्थाहरूलाई प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक सेवा उपलब्ध गराउन साधन सम्पन्न बनाई आवश्यक औषधि, उपकरण तथा औजारहरूको उपलब्धता सुनिश्चित गरिनेछ ।

१२.३.संघ, प्रदेश तथा अन्य गाउंपालिका तथा नगरपालिकाहरू, गैरसरकारी संस्था तथा निजि क्षेत्रसंग सहकार्य गर्दै उप-महानगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरू, सरकारी अस्पताल, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

१२.४.स्वास्थ्य सेवाका विभिन्न सूचना तथा तथ्यांकहरूलाई विद्युतीय (electronic) माध्यममा एकीकृत गरी उप-महानगरपालिकाको सामाजिक विकासको सूचकको रुपमा राख्ने व्यवस्था मिलाइनेछ ।

१२.५.सरुवा रोगहरु, आपतकालीन स्वास्थ्य तथा महामारी नियन्त्रणका लागि पुर्वतयारी, जन स्वास्थ्य निगरानी तथा अनुसन्धान लाई सुदृढ गर्दै संघ तथा प्रदेशसँग सहकार्य गरी कार्यान्वयन गरिनेछ ।

१२.६.उप-महानगरपालिकामा रहेका सबै नागरिकहरुलाई स्वास्थ्य बीमामा आबद्ध गरिनेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

१२.७. स्वास्थ्य कर्मीहरूको व्यवस्थापन,दक्षता अभिबृद्धि तथा वृत्ति विकास गरिनेछ।

१२.८. नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापन गर्न व्यायाम, योग अभ्यास तथा खेलकुदको प्रवर्द्धन तथा सडक सुरक्षालाई समेत समावेश गरी कार्य योजना बनाई कार्यान्वयन गरिनेछ।

१२.९ खोप, प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, बाल स्वास्थ्य तथा किशोरकिशोरी स्वास्थ्य सेवालाई प्राथमिकता साथ उपलब्ध गराइनेछ।

१२.१० आयुर्वेद तथा वैकल्पिक उपचार पद्धतिको प्रबर्द्धन तथा विकास गरिनेछ।

१२.११.नगर स्वास्थ्य नीतिको कार्यान्वयनको लागि वित्तीय तथा प्राविधिक श्रोत साधनहरूको व्यवस्था गरिनेछ।

## १३. रणनीतिहरू:

**नीति १: आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवामा सबै नगरबासी नागरिकहरूलाई पहुँच सुनिश्चित गर्दै स्वास्थ्य संस्थाहरूको संरचना तथा व्यवस्थापन सुदृढ गरिनेछ।**

नीति १ संग सम्बन्धित रणनीतिहरू

१३.१.१ नगर भित्रका सबै नागरिकहरुको स्वास्थ्य सेवामा सहज पहुँचको लागि आवश्यकता अनुसार स्वास्थ्य संरचनाहरूको स्थापनाका साथै संस्थागत तथा व्यवस्थापकीय पक्षमा सुधार गरी आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्रदान गरिनेछ।

१३.१.२ प्रत्यक वडामा एउटा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सेवा संचालन गरिनेछ।

१३.१.३ आकस्मिक सेवाको लागि सबै वडाहरूमा एम्बुलेन्स सेवाको पहुँच पुर्याइनेछ।

१३.१.४ जोखिममा रहेका समुदायहरुको लागि आधारभूत स्वास्थ्य सेवामा पहुंच बढाउन विशेष कार्यक्रम संचालन गरिनेछ।

१३.१.५ बढ्दो जनसंख्या, सहरीकरण तथा रोगको प्रकोपलाई मध्यनजर गर्दै समय सापेक्ष रूपमा स्वास्थ्य सेवाहरूमा पहुँच अभिवृद्धि तथा सुदृढीकरण गरिनेछ।

१३.१.६ भौगोलिक रूपले दुर्गम क्षेत्रमा रहेका र जनघनत्व बढी भएका स्थानहरूमा आवश्यकता आंकलन गरी नगर स्तरीय आधारभूत अस्पताल स्थापना गरी सेवा प्रवाह गरिनेछ।

१३.१.७ स्वास्थ्य संस्थाहरूमा हरित क्षेत्रको प्रवर्द्धन गरी नयाँ निर्माण हुने स्वास्थ्य संस्थाहरूको संरचना मापदण्ड अपांगता, लैगिंक तथा यौनिक अल्पसंख्यक मैत्री हुने गरी तयार गरिनेछ।

१३.१.८ स्वास्थ्य संस्थाहरूबाट निस्कने स्वास्थ्यजन्य फोहोर मैला निदुषण गरी बिसर्जन गर्न छुट्टै प्रशोधन केन्द्रको निर्माण गरि प्रयोगमा ल्याइनेछ।

१३.१.९ स्वास्थ्य सेवाको प्रवाह, योजना तर्जुमा, सेवाको अनुगमन तथा मुल्यांकन गर्न आवश्यक कार्यबिधि तथा निर्देशिका बनाई कार्य संचालन गरिनेछ।

१३.१.१० नगरभित्रका जेष्ठ नागरिकहरुका लागी तोकिएका उपचार सेवा सरकारी तथा निजि स्वास्थ्य संस्थाबाट निशुल्क र सहुलियत रुपमा प्रदान गरिने व्यवस्था मिलाइने छ।

१३.१.११ नगर भित्रका शारीरिक, मानसिक र बौद्धिक अपांगता भएका व्यक्तिहरु, लैंगिक हिंसा प्रभावित व्यक्तिहरुलाई प्राथमिकतामा राखी स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

**नीति २ स्वास्थ्य संस्थाहरूबाट प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक सेवा उपलब्ध गराउन साधन सम्पन्न बनाई आवश्यक औषधि, उपकरण तथा औजारहरूको उपलब्धता सुनिश्चित गरिनेछ।**

नीति २ संग सम्बन्धित रणनीतिहरू

१३.२.१ उप-महानगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूबाट नियमित रुपमा प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक कृयाकलापहरु संचालनका साथै अत्यावश्यक उपचारात्मक सेवा उपलब्ध गराइने छ।

१३.२.२ बिशेषज्ञ सेवाको सुनिश्चितताको लागि उप महानगरपालिकाका प्रत्येक वडाहरुमा बिशेषज्ञ वडा स्वास्थ्य क्लिनिक संचालन गरिनेछ।

१३.२.३ स्वास्थ्य संस्थाहरूमा औषधि, खोप, उपकरण तथा अन्य स्वास्थ्य सम्वन्धि सामग्रीहरूको अटुट उपलव्धता सुनिश्चित गर्नका लागि आपूर्ति व्यवस्थापन चक्रलाई थप व्यवस्थित गरिनेछ।

१३.२.४ सबै स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य सामग्रीहरुको विवेकपूर्ण प्रयोगलाई प्रवर्द्धन गरिने छ।

१३.२.५ स्वास्थ्य संस्थाहरूमा औजार तथा उपकरणहरूको उपलब्धता तथा नियमित मर्मत सम्भार गर्ने व्यवस्थाको सुनिश्चितता गरिनेछ।

१३.२.६ वार्षिक औषधि खरिद योजना बनाउंदा आधारभूत, आकस्मिक तथा बिशेषज्ञ स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निःशुल्क औषधिहरूको उपलब्धतालाई अनुमान, खरीद तथा वितरणलाई सुनिश्चित गरिने छ।

१३.२.७ नगरमा अवस्थित अन्य सरकारी, सामुदायिक, निजी स्वास्थ्य सेवा प्रदायकहरुसंग आवश्यक समन्वय गर्दै प्रभावकारी प्रेषण सेवा सुनिश्चितताको लागी पहल गरिनेछ।

१३.२. ८ आकस्मिक अवस्थाका बिरामीहरूलाई शीघ्र उपचार र प्रेषणको व्यवस्था मिलाइनेछ।

**नीति ३ संघ, प्रदेश तथा अन्य गाउंपालिका तथा नगरपालिकाहरू, गैरसरकारी संस्था तथा निजि क्षेत्रसंग सहकार्य गर्दै उप-महानगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरू, सरकारी अस्पताल, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सेवा प्रवाह गरिनेछ।**

नीति ३ संग सम्बन्धित रणनीतिहरू

१३.३.१ राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य कार्यक्रमहरू संचालन गर्दा सह अस्तित्व, समन्वय, तथा सहकार्यको आधारमा सेवा प्रवाह गरिनेछ।

१३.३.२ निजी क्षेत्रलाई सामाजिक उत्तरदायित्व बहन गर्दै अत्यावश्यक स्वास्थ्य सेवा प्रवाह गर्न, बिशेषज्ञ सेवा दिन तथा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित नभएका क्षेत्रमा प्रभावकारी रुपमा स्वास्थ्य सेवा पुर्याउनप्रोत्साहन गर्नुका साथै पूर्वाधारको स्तरोन्नति जस्ता क्रियाकलापमा सहभागी गराउँदै लगिनेछ।

१३.३.३ अन्तरराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई उप-महानगर भित्रका अति प्रभावित तथा विपन्न समुदाय बसोबास गर्ने क्षेत्रमा कार्य गर्न परिचालन गरिनेछ।

१३.३.४ निजी र सरकारी अस्पतालहरूमा सामाजिक सुरक्षा पाउने नागरिकहरूको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न सहुलियतको व्यवस्थालाई प्रभाबकारी रुपमा कार्यान्वयन गरिनेछ।

१३.३.५ अन्य गाउँ पालिका तथा नगर पालिकाहरू बाट आउने सेवाग्राहीहरूको लागि समन्वय तथा सहकार्य गरी आवश्यक सेवा दिने व्यवस्था मिलाइनेछ।

१३.३.६ बिशेष स्वास्थ्य समस्याहरु सिकलसेल एनेमिया, थालासेमिया आदि रोगहरूको नि:शुल्क उपचारको लागि संघ, प्रदेश सरकार सँग सहकार्य गरिनेछ।

१३.३.७. विभिन्न प्राज्ञिक संघसंस्था तथा विज्ञहरुसंग सहकार्य गरी नगर भित्रका स्वास्थ्य समस्याहरुमा अनुसन्धान अन्वेषण गरी सुधार मुलक कार्यक्रमहरु लागु गरिनेछ।

१३.३.८. नगर तथा समुदायस्तरमा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम् सेविका, आमा समूह, निगरानी समूह, सम्बन्धित सरोकारवालाहरु माझ प्रभावकारी संजाल निर्माण गरी स्वास्थ्य प्रबर्द्धन तथा उपचार सेवाहरुको लागी समन्वय तथा सहकार्य गरिनेछ।

**नीति ४ स्वास्थ्य सेवाका विभिन्न सूचना तथा तथ्यांकहरूलाई विद्युतीय (electronic) माध्यममा एकीकृत गरी उप-महानगरपालिकाको सामाजिक विकासको सूचकको रुपमा राख्ने व्यवस्था मिलाइनेछ।**

नीति ४ संग सम्बन्धित रणनीतिहरू

१३.४.१ उप-महानगरपालिका भित्र रहेका सबै स्वास्थ्य संस्थाहरूवाट गरिने मासिक प्रतिवेदन पद्धति बिद्युतिय (इलेक्ट्रोनिक) माध्यम बाट गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

१३.४.२ स्वास्थ्य संस्थाहरूमा रहेका औजार उपकरण, वित्तीय व्यवस्थापन, आपूर्ति व्यवस्थापन तथा स्वास्थ्य कर्मीहरूको क्षमता अभिवृद्धि जस्ता विषयहरू एकीकृत विद्युतीय प्लेटफर्ममा राख्ने व्यवस्था मिलाइनेछ।

१३.४.३ स्वास्थ्य सेवा प्रवाहको वास्तविक अवस्थाबारे जानकारी गराउन उप-महानगरपालिकामा विद्युतीय सूचना पाटी (Dash-Board) स्थापना गरी स्वास्थ्य सेवाका तथ्यांकहरु नियमित रुपमा सार्वजनिकीकरण गर्ने व्यवस्था गरिनेछ।

१३.४.४ तथ्यांकको गुणस्तरलाई नियमित रुपमा परिक्षण तथा विश्लेषण गरी तथ्यको आधारमा कार्यक्रम निर्माण, प्राथमिकीकरण तथा अनुगमन गर्न वार्षिक योजनामा समावेश गरिनेछ।

१३.४.५ स्वास्थ्य सेवा संग सम्बन्धित व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, स्वास्थ्य बिमा लगायतका प्रणालीहरुसंग बिच सामन्जस्यता (Interoperability)को लागि सहकार्य गरिनेछ।

**नीति ५ सरुवा रोगहरु, आपतकालीन स्वास्थ्य तथा महामारी नियन्त्रणका लागि पुर्वतयारी, जन स्वास्थ्य निगरानी तथा अनुसन्धान लाई सुदृढ गर्दै संघ तथा प्रदेशसँग सहकार्य गरी कार्यान्वयन गरिनेछ।**

नीति ५ संग सम्बन्धित रणनीतिहरू

१३.५.१ जनस्वास्थ्य निगरानी गर्न आधुनिक सूचना प्रणालीको प्रयोग गरी जवाफदेही, चुस्त दुरुस्त तथा मितव्ययी संयन्त्रको बिकास गरिनेछ।

१३.५.२ संक्रामक रोगहरुको रोकथाम, महामारी तथा विपदको पूर्व तयारीका लागि "महामारी तथा प्रकोप तयारी कार्य योजना" तयार गरी लागू गर्ने तथा यस्ता रोगहरुको रोकथाम, महामारी तथा विपदको व्यवस्थापनका लागि नगर तथा वडा स्तरीय द्रुत प्रतिकार्य टोली (Rapid Response Team) गठन गरी उक्त टीमलाई पूर्व तयारीका साथ प्रभावकारी बनाइनेछ।

१३.५.३ सबै स्वास्थ्य संस्थामा Early Warning and Response System (EWARS) प्रणालीको विकास गरिनेछ।

१३.५.४ महामारी तथा विपद व्यवस्थापन कार्यक्रम सञ्चालन, अनुगमन तथा मूल्यांकनका लागि संघ, प्रदेश तथा स्थानीय सरकारहरूसंग आवश्यक समन्वय गरी द्रुत प्रतिकार्य टोलीलाई आवश्यक पर्ने जनशक्ति, औषधि, उपकरण, तालिम तथा बफर स्टक जस्ता गतिविधि सञ्चालन गरिनेछ।

१३.५.५ नगरमा सडक दुर्घटना, महामारी, प्रकोपबाट हुने मानव क्षतिलाई न्युनीकरण गर्न सम्बन्धित सरोकारवालाहरु संगको समन्वयमा नियन्त्रण योजना बनाई लागु गरिनेछ।

१३.५.७ महामारी रोग तथा विपद व्यवस्थापनको लागि लागि निजी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायसंग समन्वय, सहकार्य गरी नगर स्तरीय कोषको व्यवस्था गरिनेछ।

१३.५.८ संक्रामक तथा कीटजन्य (जुनोटिक) रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि संघ तथा प्रदेश सँग सहकार्य गरिनेछ।

**नीति ६ उप-महानगरपालिकामा रहेका सबै नागरिकहरुलाई स्वास्थ्य बीमामा आबद्ध गरिनेछ।**

नीति ६ संग सम्बन्धित रणनीतिहरू

१३.६.१ आर्थिक रूपले विपन्न तथा गरिब नागरिकहरुलाइ स्वास्थ्य बिमा कार्यक्रमको पहुँचमा ल्याउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

१३.६.२ स्वास्थ्य बीमामा निजी स्वास्थ्य संस्थाहरुको सहभागिता प्रवर्द्धन गरिनेछ।

**नीति ७ स्वास्थ्य कर्मीहरूको व्यवस्थापन,दक्षता अभिबृद्धि तथा बृत्तिविकास गरिनेछ।**

नीति ७ संग सम्बन्धित रणनीतिहरू

१३.७.१ उप-महानगरपालिकामा स्वास्थ्यकर्मीहरूको अवस्था, आवश्यकता, दक्षता अभिबृद्धि लगायतका बिषयहरुमा विशेष कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

१३.७.२ स्वास्थ्यकर्मीहरूलाई आवश्यक पर्ने तालिमको आवश्यकता पहिचान गरी उप-महानगरपालिकाबाटै तथा प्रदेश तथा संघसंग समन्वय गरी उच्चस्तरीय तालीम,अभिमुखीकरण गर्ने व्यवस्था मिलाइनेछ।

१३.७.३ स्वास्थ्यकर्मीहरुको लागि आवश्यक सम्बन्धित क्षेत्रका तालिमहरु जस्तै सामाजिक विकास, लैगिक तथा सामाजिक समाबेसीकरण, लैगिक हिंसा व्यवस्थापन, सकारात्मक सोच, सामुदायिक परिचालन, प्रभावकारी संचार आदिका लागि नगरका सम्बन्धित शाखा, सहयोगी संस्था, निजि क्षेत्र, अन्य स्थानीय निकाय, प्रदेश, संघ, संग समन्वय गरिनेछ।

१३.७.४ विशिष्टीकृत तथा उच्चस्तरीय तालीमका लागि प्रदेश तथा संघ सरकारसंग समन्वय गरिनेछ।

**नीति ८ नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापन गर्न परामर्श, व्यायाम, योग अभ्यास तथा खेलकुदको प्रवर्द्धन तथा सडक सुरक्षालाई समेत समावेश गरी कार्य योजना बनाई कार्यान्वयन गरिनेछ।**

नीति ८ संग सम्बन्धित रणनीतिहरू

१३.८.१ नसर्ने रोगहरूको कारक तत्वहरू न्यूनिकरण गर्न समुदाय स्तरमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

१३.८.२ लागू औषधि, सुर्तिजन्य पदार्थ, मदिरा, पेय पदार्थ, पत्रु खाना (JunkFood) को प्रयोग निरुत्साहन गर्न सम्बन्धित सबै सरोकारवालाहरु संग समन्वय तथा सहकार्य गरिनेछ।

१३.८.३ स्वस्थ खानपान, आहार, व्यवहार, व्यायामयुक्त स्वस्थ जीवनशैलीका लागि शिक्षा, सुचना तथा सञ्चारका माध्यमबाट सचेतना प्रवर्द्धन गरिनेछ।

१३.८.४ अधिक - पोषण सम्बन्धी जन चेतना बढाउने कार्य प्रवर्द्धन गरिनेछ।

१३.८.५ विद्यालयहरुमा स्वस्थ जीवनशैली, दुर्व्यसन निरुत्साहन, खेलकुद तथा व्यायाम प्रवर्द्धन सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ।

१३.८.६ मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि विभिन्न संघ संस्थाहरूसँग सहकार्य गर्दै मानसिक स्वास्थ्य कार्यकर्ता, परामर्शदाताहरु परिचालन गरी समुदाय, शिक्षण संस्था अन्य संस्था आदि क्षेत्रहरुमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

१३.८.७. नगरस्तरमा स्क्रिनिंग शिविर वा कार्यक्रमहरु संचालन गरी नसर्ने रोगहरु, अपांगता तथा अन्य दिर्घरोगहरुको पहिचान गरी सम्बन्धित स्वास्थ्य सेवा तथा पुनर्स्थापनाको लागी पहल गरिनेछ।

१३.८.८ सडक दुर्घटना कम गर्न विभिन्न क्षेत्रसंग आवश्यक समन्वय गर्न छाडा चौपाया नियन्त्रण गर्न तथा विद्यालयहरुमा सडक सुरक्षाबारे जन चेतना अभिबृद्धि गरिनेछ।

१३.८.९ दुर्घटनामा घाइते भएकाहरुको उपचारको लागि निजी स्वास्थ्य संस्थाहरुसंग सहकार्य गर्न विशेष व्यवस्था मिलाइनेछ।

**नीति ९खोप, प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, बाल स्वास्थ्य तथा किशोरकिशोरी स्वास्थ्य सेवालाई प्राथमिकता साथ उपलब्ध गराइनेछ।**

नीति ९ संग सम्बन्धित रणनीतिहरू

१३.९.१ सबै बच्चाहरूले पूर्ण खोपसेवा पाएको सुनिश्चित गरिनेछ।

१३.९.२ महिला तथा बालबालिकाको पोषण सुधारको लागी खाद्य विविधिकरण तथा सन्तुलित आहार उपभोगमा जोड दिइनेछ।

१३.९.३ एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन तथा पोषण कार्यक्रमलाई प्रभाबकारी तथा व्यवस्थित बनाइनेछ।

१३.९.४ स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रयोग गर्न प्रोत्साहित गर्दै पत्रु खानालाई निरुत्साहित गर्ने कार्यक्रम संचालन गरिनेछ।

१३.९.५ उच्च विद्यालयहरूमा विद्यालय स्वास्थ्य नर्स (विस्वान) राखी किशोर-किशोरीको प्रजनन स्वास्थ्य, महिनावारी व्यवस्थापन, पोषण तथा सरसफाई जस्ता प्रतिकारात्मक सेवाहरूको प्रवर्द्धन गरिनेछ।

१३.९.६ सामाजिक कुरीति, लैंगिक हिंसाबाट पिडित सेवाग्राहीको शारीरिक तथा मानसिक स्वास्थ्य संरक्षणका लागि अन्य निकायहरुसंग सहकार्य गर्दै स्वास्थ्य संस्थाहरुबाट परामर्श , प्राथमिक उपचार तथा प्रेषण सेवाहरुको व्यवस्थापन गरिनेछ।

१३.९.७ परिवार नियोजन सेवालाई यौन तथा प्रजनन स्वास्थ्य अधिकारको रुपमा स्थापित गर्दै लगिनेछ।

**नीति १० आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवाहरुको प्रबर्द्धन तथा बिकास गरिनेछ।**

नीति १० संग सम्बन्धित रणनीतिहरू

१३.१०.१ नगरस्तरमा रहेका आयुर्वेद अस्पताल, औसधालय, आयुर्वेद स्वास्थ्य केन्द्रहरु मार्फत नागरिकहरुमा आयुर्वेद स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गरिनेछ।

१३.१०.२ आयुर्वेद औषधालय तथा आयुर्वेद स्वास्थ्य केन्द्रमा योग अभ्यास गर्ने कक्षको व्यवस्था गरिनेछ।

१३.१०.३ स्वास्थ्य स्वयम सेविकाहरूको लागि आयुर्वेद तथा वैकल्पिक उपचार पद्धति बारे जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ।

१३.१०.४ आयुर्बेद औषधालय तथा आयुर्बेद स्वास्थ्य केन्द्रसंग आवश्यक समन्वय गरी आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूमा समेत आयुर्बेद सेवाको पहुँचमा बृद्धि गर्ने व्यवस्था मिलाइनेछ।

१३.१०.५ सरकारी तथा निजि आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा केन्द्रहरु संग समन्वय गरी समुदायमा स्वस्थ जीवनशैली, योगाभ्यास सम्बन्धि घुम्ती शिविरहरु आयोजना गरिनेछ।

**नीति ११नगर स्वास्थ्य नीतिको कार्यान्वयनको लागिवित्तीय तथा प्राविधिक श्रोत साधनहरूको व्यवस्था गरिनेछ।**

नीति ११ संग सम्बन्धित रणनीतिहरू

१३.११.१ नगरस्तरीय योजनाहरुमा स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिई आवश्यक बजेट विनियोजनको सुनिश्चितता गरिनेछ।

१३.११.२ संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त तथा समपूरक अनुदान तथा स्थानीय सरकारको आन्तरिक श्रोतको आधारमा यस नीतिलाइ आधार मानी स्वास्थ्य क्षेत्रको लागि तथ्यमा आधारित वार्षिक कार्ययोजना तयार गरी लागु गरिनेछ।

१३.११.३ उप-महानगरपालिकामा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न विद्यमान तथा सम्भावित थप आयश्रोतहरूको पहिचान गरी स्वास्थ्य कार्यक्रमको प्राथमिकिकरणको आधारमा विनियोजन गरिनेछ।

## परिच्छेद ३
## संरचनागत व्यवस्था

**१४ नगर स्वास्थ्य समिति:**

धनगढी उप-महानगरपालिकामा स्वास्थ्य कार्यक्रमहरुको कार्ययोजना तर्जुमा गर्न र यसको कार्यान्वयनको लागि सरोकारवालाहरुको सहभागिता तथा समन्वय गर्न नगर स्वास्थ्य समिति गठन भैसकेको अवस्था छ। यसको संरचना तथा काम कर्तव्य तथा अधिकार धनगढी उप–महानगरपालिका स्वास्थ्य सेवा ऐन, २०७७ अनुसार हुने प्रावधान रहेको छ।

१४.१ उप-महानगर स्तरीय स्वास्थ्य संरचनाः

क) धनगढी उप-महानगरपालिकामा स्वास्थ्य कार्यक्रम हेर्ने एक शाखाको स्थापना गरी क्षमता विकास गरिनेछ। यस नीतिमा उल्लेख भएका कार्ययोजनाको कार्यान्वयन गर्ने जिम्मेवारी उक्त शाखाको हुनेछ।

ख) वडा स्तरमा स्वास्थ्य सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्नका लागि स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति रहनेछन्। यी समितिहरूको काम, कर्तव्य तथा अधिकार धनगढी उप-महानगर पालिका स्वास्थ्य सेवा ऐन, २०७७ बमोजिम हुनेछ। यी समितिहरूमा उप-महानगरपालिकाका प्रमुख संरक्षकका रूपमा रहने छन्।

१४.२ स्वास्थ्य संस्था व्यवस्थापन समितिको गठन

(१)स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको अध्यक्ष - अध्यक्ष

(२) समितिले मनोनित गरेको निर्वाचित वडा महिला सदस्यहरू मध्येबाट एक जना महिला - उपाध्यक्ष

(३)स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयको प्रधानाध्यापक १ जना - सदस्य

(४) सम्बन्धीत वडाको वडा सचिव - सदस्य

धनगढी उप-महानगरपालिकाको राजपत्र

(५) समितिले मनोनित गरेको स्थानीय व्यापार संघको एक जना प्रतिनिधि - सदस्य

(६) समितिले मनोनित गरेको स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरू मध्येबाट एक जना - सदस्य

(७) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख -सदस्य सचिव

**१५. संस्थागत जिम्मेवारी:**

यस नगर स्वास्थ्य नीतिको कार्यान्वयन गर्नको लागि नगर स्वास्थ्य समिति, नगर स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिहरु जिम्मेवार हुनेछन ।

**१६. समन्वय तथा सहकार्य:**

उप-महानगरपालिकाले निम्न अनुसार समन्वय तथा सहकार्य गर्नेछ ।

१६.१ निजी क्षेत्रसंगको सहकार्य

स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरू बीचमा सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा सहजीकरण गरिनेछ ।

- स्वास्थ्य सेवामा सामुदायिक सहभागिता नगरस्तरमा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम् सेविका, आमा समूह, निगरानी समूह, सम्बन्धित सरोकारवालाहरु माझ संजाल निर्माण गरीनेछ ।
- उप-महानगरपालिका भित्र स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरू बीचमा साझेदारी गरी गुणस्तरीय स्वास्थ्य सेवामा नगरवासीको पहुँच तथा उपलव्धतामा वृद्धि ल्याइनेछ ।
- उप-महानगरपालिका भित्र प्रवाह हुने स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न सरकारी तथा गैरसरकारी संस्थाहरूको नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ ।
- स्वास्थ्य सेवा उपभोग गर्न आउने बाधाहरूलाई न्युन गर्न एम्बुलेन्स सेवा सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र एम्बुलेन्सको भाडामा आवश्यक नियमन गरिनेछ ।
- प्रत्येक नागरिकहरुलाई आधारभूत स्वास्थ्य स्वास्थ्य सेवाहरु उप-महानगरपालिका भित्र स्वास्थ्य सेवा प्रबाह गर्ने निजि स्वास्थ्य संस्थाहरुबाट पनि नि:शुल्क रुपमा प्राप्त गर्ने हकको सुनिश्चितता गर्दै लगिनेछ ।
- वडामा संचालनमा रहेका स्वास्थ्य संस्थाहरूमा नियमित रुपमा नसर्ने रोगको स्क्रिनिंग (Screening)गर्न स्थानीय/प्रदेश अन्तर्गतका निजि तथा सरकारी अस्पतालसंग आवश्यक सहकार्य गरिनेछ ।

१६.२ सञ्जाल निर्माण:

१६.२.१ आकस्मिक सेवाका लागि एम्बुलेन्स सेवा सञ्चालन तथा सो को सञ्जाल निर्माण गरी उनीहरूको समुदायसंगको सञ्चारलाई सुधार गरिनेछ ।

१६.२.२ प्रेषण गरिने स्वास्थ्य संस्थाहरू बीचमा परस्पर सञ्जाल तथा समन्वय सुदृढ गरिनेछ ।

१६.३ प्रदेश तथा संघ सरकारसंगको सहकार्य

धनगढी उप-महानगरपालिका राजपत्र

१६.३.१ सूचीकृत संक्रामक रोगको बिरामी पहिचान भएमा सोको नियन्त्रणका लागि उप-महानगरपालिकाले प्रदेश तथा संघ सरकार अन्तरगतका निकायलाई तुरुन्त जानकारी गराउने संयन्त्रको बिकास गरिनेछ।

१६.३.२ उप-महानगरपालिकामा आवश्यक पर्ने कर्मचारी, भौतिक पुर्वाधारको निर्माण, खोप, औषधि तथा उपकरणको नियमित आपुर्ती तथा उपलब्धताको सुनिश्चतता गर्न प्रदेश तथा संघ सरकारसंग नियमित सहकार्य गरिनेछ।

१६.४ अन्य संस्था तथा स्थानीय सरकारसंगको सहकार्य

१६.४.१ सेती प्रादेशिक अस्पतालको सञ्चालन तथा सुदृढीकरणका लागि प्रदेश सरकारसंग सहकार्य गरिनेछ।

१६.४.२ प्रेषण प्रणालीमा सहजीकरण तथा सुदृढीकरण गर्नका लागि अन्य स्थानीय सरकार तथा प्रदेश सरकारसंग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

## १७. कानूनी व्यवस्था:

स्वास्थ्य सम्बन्धी विभिन्न सवाल समेट्ने गरी जारी भएका बिभिन्न ऐनहरु (जस्तै स्वास्थ्य बिमा सम्बन्धी ऐन २०७४, जनस्वास्थ्य सेवा ऐन २०७५, खोप ऐन २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सामाजिक सुरक्षा ऐन २०७५, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५) र नियमावलीहरू तथा संघीय तथा प्रदेश स्तरबाट लागु गरिएका स्वास्थ्य सेवा सम्बन्धी बिभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरूले निर्दिष्ट गरेका स्वास्थ्य सेवाहरू उप-महानगरपालिकाबाट प्रबाह गर्न यस नीतिको प्रभाबकारी रुपले कार्यान्वयनको व्यवस्था गरिनेछ।

## १८. वित्तीय श्रोत:

१८.१ यस नीति कार्यान्वयनका लागि तर्जुमा गरिने योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक श्रोतको व्यवस्था उप-महानगरपालिकाले गर्नेछ।

१८.२ उप-महानगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा उप-महानगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम, तथा निजी क्षेत्रको लगानी नै समग्रमा यस नगर स्वास्थ्य नीति कार्यान्वयनका मुख्य आधार हुनेछन्।

१८.३ यसका लागि सङ्घ तथा प्रदेश सरकारले नगरपालिकालाई वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, तथा विशेष अनुदान स्वरुप बजेट विनियोजन गर्ने अपेक्षा गरिएकोछ। साथै उप-महानगरपालिकाले स्वास्थ्य कार्यक्रमको वार्षिक कार्य योजना अनुसार खर्च व्यवस्थापन गर्ने र नेपाल सरकारको प्रचलित आर्थिक नियम कानुन अनुसार आय व्ययको नियमित लेखा परीक्षण गर्ने गराउनेछ।

## १९. अनुगमन तथा मूल्यांकन:

१९.१ उप-महानगरपालिका भित्र सञ्चालन गरिने स्वास्थ्य कार्यक्रमहरू नियमित रूपले अनुगमन र मूल्याङ्कन गरिने व्यवस्था गर्न चुस्त र प्रभावकारी संयन्त्र बनाई कार्यान्वयनमा ल्याईने छ।

१९.२ उप-महानगरपालिकाको योजना शाखा तथा स्वास्थ्य शाखाले तयार गरेको अनुगमन तथा मूल्याङ्कन ढाँचा लाई समय अनुकुल परिमार्जन तथा परिस्कृत बनाउँदै उप-महानगर पालिका भित्र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने छ।

१९.३ बिद्युतीय (Electronic) माध्यम मार्फत प्रतिवेदन गर्ने प्रणालीको विकास गरी निरन्तरता दिइनेछ। नियमित रुपमा तथ्यांकको गुणस्तर परिक्षण (RDQA) गरी तथ्याङ्कको गुणस्तरमा सुधार ल्याइनेछ।

१९.४ नीति कार्यान्वयनको आवधिक मूल्यांकन गर्दै मूल्यांकनबाट प्राप्त नतिजाका आधारमा नीतिलाई आवश्यक परिमार्जन गर्दै लगिनेछ।

## २०.जोखिम पक्ष:

२०.१ प्रस्तावित नीतिको प्रयोगले प्रत्यक्ष रूपमा जोखिम बढाउने देखिँदैन। यद्यपि यस नीतिको कार्यान्वयन गर्दा हुन सक्ने सम्भाव्य जोखिमहरू तल उल्लेख गरिएको छ।

२०.२ यस नीतिमा उल्लेख गरे बमोजिम आवश्यक पर्ने आर्थिक, मानवीय तथा भौतिक श्रोतहरू उपलव्ध नहुने सम्भावना हुनेछ।

२०.३ सरोकारवाला निकायको सहयोग तथा सहकार्य विना यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि स्वास्थ्य क्षेत्र आँफैमा बहुपक्षिय सरोकारको विषय भएकोले ठूलो चुनौती रहन सक्ने संभावना रहन्छ।

२०.४ नगर विकास कार्यक्रम अन्तर्गत तयार गरिएका नीति, योजना तथा कार्यक्रमहरूले पूर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राख्दा स्वास्थ्य क्षेत्रले कम प्राथमिकता पाउने सम्भावना रहन्छ।

२०.५ स्वास्थ्य क्षेत्रमा उपचारात्मक सेवालाई पहिलो प्राथमिकतामा राख्दा यस नीतिमा उल्लेखित प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमले कम प्राथमिकता पाउने सम्भावना रहन्छ।

२०.६ नीति कार्यान्वयनको लागि उप-महानगरपालिकाले आवश्यक वित्तीय तथा श्रोतको व्यवस्था समयमै गर्न नसक्ने सम्भावना रहन्छ।

२०.७ यस नीतिको कार्यान्वयनमा निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको अपेक्षाकृत सहयोग, तत्परता तथा संलग्नता हुन नसक्ने अवस्था रहन्छ।

## २१. अनुसन्धान तथा सिकाइ :

२१.१ उप-महानगरपालिकाको स्वास्थ्य क्षेत्रमा अनुसन्धान गर्न प्रोत्साहन गरिनेछ।

२१.२ अनुसन्धानबाट प्राप्त नतिजालाई उप-महानगरपालिकाको योजना तर्जुमा गर्दा सन्दर्भ सुचीको रुपमा लिइनेछ।

## अनुसूची १

नगर स्वास्थ्य नीतिका आधारहरू

- नेपालको संविधान, २०७२
- खोप ऐन, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- जनस्वास्थ्य सेवा ऐन, २०७५
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५
- सामाजिक सुरक्षा ऐन २०७५
- स्वास्थ्य बिमा सम्बन्धी ऐन, २०७४
- धनगढी उप–महानगरपालिका स्वास्थ्य सेवा ऐन, २०७७
- राष्ट्यि स्वास्थ्य नीति, २०७६
- शहरी स्वास्थ्य नीति, २०७३ (प्रथम संसोधन २०७४)
- धनगढी उप-महानगरपालिकाको स्वास्थ्य अवस्था सम्बन्धि अध्ययन २०७७
- सुदुरपश्चिम प्रदेश स्वास्थ्य नीति २०७८
- स्वास्थ्य संस्था संचालन मापदण्ड, २०७७ (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय)

धनगढी उप-महानगरपालिका राजपत्र

## अनुसूची २


नगर स्वास्थ्य नीति बिकास प्रकृया

- राष्ट्रिय दस्तावेजहरूको अध्ययन
- संघीय स्वास्थ्य मन्त्रालयका पदाधिकारीहरूसंग छलफल
- उप-महानगरपालिका सम्बन्धी उपलब्ध सामग्रीहरूको अध्ययन
- उप-महानगरपालिकाका विभिन्न पदाधिकारीहरूसंग छलफल
- समुदायसंग अन्तरक्रिया
- विभिन्न सरोकारवालाहरू संग छलफल
- परामर्श बैठक

धनगढी उप-महानगरपालिका राजपत्र

## अनुसूची ३

नगर स्वास्थ्य नीतिको संस्थागत व्यवस्था



## अनुसूची ४

नीतिको सहकार्य खाका

| क्र.सं. | सहकार्यका क्षेत्रहरू | उप-महानगर पालिका | नीजि सेवा प्रदायक | विकास साझेदार तथा गैहसरकारी क्षेत्र | समुदाय |
|---|---|---|---|---|---|
| १ | प्राबिधिक सहकार्य | √ | √ | √ | |
| २ | बित्तीय सहकार्य | √ | | √ | |
| ३ | स्वास्थ्य सेवा प्रवाह | √ | √ | √ | √ |
| ४ | भौतिक पुर्वाधार | √ | | √ | √ |
| ५ | दक्ष जनशक्तिको व्यवस्थापन | √ | √ | √ | |
| ६ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | √ | √ | √ | |
| ७ | कार्यक्रमको कार्यान्वयन | √ | √ | √ | √ |
| ८ | कार्यक्रमको अनुगमन तथा मूल्यांकन | √ | | | |

नोटः

- यो सहकार्यको खाका सहजिकरणका लागि मात्र हो ।
- आवश्यकता अनुसार संयुक्त अनुगमन तथा मूल्यांकन गर्न सकिनेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

## अनुसूची ५

धनगढीउप–महानगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरु

| वार्ड न | जनसंख्या (२०६८) | सरकारी अस्पताल | निजि अस्पताल | स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई | आयुर्वेदि स्वास्थ्य अस्पताल/केन्द्र |
|---|---|---|---|---|---|
| 1 | 14333 | 1 | 2 | 1 | |
| 2 | 12459 | | 1 | 1 | |
| 3 | 13549 | | 2 | 1 | |
| 4 | 9175 | | 3 | 1 | |
| 5 | 11644 | | 1 | 1 | |
| 6 | 5365 | | | 1 | |
| 7 | 9043 | | | 1 | |
| 8 | 6041 | | 1 | 1 | |
| 9 | 3280 | | | 1 | |
| 10 | 4090 | | | 1 | |
| 11 | 5041 | | | 1 | 1 |
| 12 | 10009 | | | 1 | |
| 13 | 8016 | | | 1 | 1 |
| 14 | 8112 | | | 1 | |
| 15 | 4823 | | | 1 | 1 |
| 16 | 5388 | | | 1 | |
| 17 | 4977 | | | 1 | |
| 18 | 5451 | | | 1 | |
| 19 | 6945 | | | 1 | |
| कुल जम्मा | | 1 | 10 | 19 | 3 |

धनगढी उप-महानगरपालिका राजपत्र

आज्ञाले

............................................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत